## ३ सेवा करार सम्वन्धी ब्यवस्था

(क) अति आवश्यक पदको यकिन गरी कम्तिमा १५ दिनको सूचना प्रकासन गरी दरखास्त आव्हान गर्ने।

(ख) उम्मेदवार छनौट तथा सिफारिसका लागि प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा समिति गठन गर्न सकिने छ र आवश्यकता अनुसार विज्ञको सहयोग लिन सकिने छ ।

(ग) शैक्षिक योग्यता लोक सेवा आयोगले सम्वन्धित पदको लागि तोकेको शैक्षिक योग्यता हुने छ ।

(घ) संचालन खर्च लोकसेवा आयोगले तोकेको मापदण्ड अनुसार हुने छ ।

(ङ) परीक्षा दस्तुर कार्यालय सहयोगी रू ३००, सहायक कर्मचारी रू. ८०० र अधिकृत स्तर रू.१०००

## ४ करार सेवामा छनौट गर्ने आधारहरु

करार सेवामा लिदा आवश्यकता अनुसार संक्षिप्त सूचि (Short List) गरी देहायका परीक्षाहरु मध्ये पदपूर्ति समितिले आवश्यक ठानेका आवश्यक परीक्षाहरु लिन सकिने छ । अङ्कभार अनुसूची १ मा उल्लेख भए बमोजिम हुने छ ।

(क) लिखित परीक्षा

(ख) प्रयोगात्मक परीक्षा ( कामको प्रकृति र आबश्यकता अनुसार मात्र)

(ग) अर्न्तवार्ता

५.लिखित परिक्षा लोकसेवा आयोगको सम्वन्धित पदको पाठ्यक्रम अनुसारको प्रथम पत्रको विषयगत प्रश्नहरु हुने छ ।

६.दरखास्त फारामको ढांचा अनुसूची २ अनुसार हुने छ ।

७ यम्मेदवारको उमेर १८ बर्ष पुरा भइ ३५ बर्ष ननाधेको तर महिलाको हकमा ४० बर्ष ननाधेको हुनु पर्ने छ ।

८ दैनिक ज्यालादारीको हकमा संक्षिप्त सूची र अन्तर्वार्ताको माध्यमबाट छननौट गर्न सकिने छ ।

९ कार्य विधिको ब्याख्या यो कार्य विधिको अन्तिम ब्याख्या गर्ने अधिकार मर्चवारी गाउं कार्यपालिकालाई हुने छ ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष